22110206

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A1 – HIGHER LEVEL – PAPER 2**
**NÉPALAIS A1 – NIVEAU SUPÉRIEUR – ÉPREUVE 2**
**NEPALÉS A1 – NIVEL SUPERIOR – PRUEBA 2**

Monday 16 May 2011 (morning)
Lundi 16 mai 2011 (matin)
Lunes 16 de mayo de 2011 (mañana)

2 hours / 2 heures / 2 horas

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Answer one essay question only. You must base your answer on at least two of the Part 3 works you have studied. You may include in your answer a discussion of a Part 2 work of the same genre if relevant. Answers which are not based on a discussion of at least two Part 3 works will not score high marks.
- You are not permitted to bring copies of the works you have studied into the examination room.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Traitez un seul sujet de composition. Vous devez baser votre réponse sur au moins deux des œuvres de la 3e partie que vous avez étudiées. Le cas échéant, vous pouvez inclure dans votre réponse une discussion sur une œuvre du même genre littéraire étudiée dans la 2e partie du programme. Les réponses qui ne sont pas basées sur au moins deux des œuvres de la 3e partie n’obtiendront pas une note élevée.
- Vous n’êtes pas autorisé(e) à amener des exemplaires des œuvres que vous avez étudiées dans la salle d’examen.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Elija un tema de redacción. Su respuesta deberá basarse en al menos dos de las obras estudiadas en la Parte 3. Se podrán hacer comentarios sobre una obra de la Parte 2 del mismo género, si fuera necesario. Las respuestas que no incluyan una discusión sobre al menos dos obras de la Parte 3 no recibirán notas altas.
- No se permite traer a la sala de examen copias de las obras estudiadas.



© International Baccalaureate Organization 2011

*तलका कुनै एक प्रश्नको निबन्धात्मक उत्तर लेख्नुहोस् । त्यस्तो निबन्धात्मक उत्तर तपाईंले अध्ययन गरेका भाग ३ का कुनै दुईवटा कृतिहरूमा आधारित हुनुपर्दछ । तपाईंले आवश्यक ठानेमा भाग २ का समान विधाका कृतिलाई पनि निबन्धात्मक उत्तरमा समावेश गर्न सक्नुहुन्छ तर भाग ३ का कम्तीमा २ वटा कृतिहरूमा उत्तर आधारित छैन भने त्यस्तो उत्तरले उच्च अङ्क प्राप्त गर्ने छैन ।*

## कथा

१. तपाईंले पढेका कथामा कुन-कुन शैलीको प्रयोग भएको भेटिन्छ ? तीमध्ये कुन शैलीको प्रयोग बढी प्रभावकारी बनेको छ ?

२. तपाईंले पढेका कथाका संघर्षशील एवं पलायनमुखी पात्रमध्ये कस्ता खालका पात्रको चरित्रले तपाईंलाई प्रेरित गरेका छन् र ती पात्रको भूमिका समष्टिगत रूपमा कति महत्वपूर्ण छ ?

## उपन्यास

३. तपाईंले पढेका कतिपय उपन्यासमा जीवन विश्रृङ्खल छ भन्ने विचार प्रस्तुत गरिएको छ र तिनमा ती विचार कुन हदसम्म देखाइएको छ ?

४. तपाईंले पढेका उपन्यासहरूमध्ये कतिपय उपन्यासमा देखाइएका नारीविद्रोहहरू समाजका लागि उपयोगी हुने खालका छन् वा छैनन् भन्ने कुराको पुष्टि कसरी गर्नुहुन्छ ?

## नाटक

५. “वियोगान्त नाटक नै बढी मार्मिक हुन्छ” भन्ने कुरासित तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ? आफूले पढेका नाटकका आधारमा प्रष्ट पार्नुहोस् ।

६. “सत् कर्म गरेमा मात्र दीर्घजीवी भइन्छ” भन्ने कुरा तपाईंले पढेका कतिपय नाटकले प्रस्तुत गरेका छन् । यस भनाइ प्रति तपाईंको व्यक्तिगत धारणाहरू के-कस्ता रहेका छन् ?

## कविता

७. "मान्छे वास्तवमा खोको छ तर बाँच्ने क्रममा उसले आफूलाई पूर्ण भएको अभिनय गर्दछ" भन्ने भाव व्यक्त भएका कविता एवं काव्यसित तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ?

८. "खराब वृत्तिमाथि विजय प्राप्त गर्न सके मात्र मानवजीवन सार्थक बन्न सक्छ" भन्ने विचार व्यक्त भएका कविता एवं काव्यका बारेमा तपाईंका धारणा के-कस्ता रहेका छन् ?

## सामान्य प्रश्नहरू

९. "उत्कृष्ट साहित्यले सँधै नौलो स्वाद प्रदान गर्छ ।" यो भनाइ प्रति तपाईंका के-कस्ता धारणा बनेका छन् ?

१०. "मानवजीवनको सारभूत तत्व प्रेम हो" भन्ने कुरालाई आफूले पढेका साहित्यिक कृतिका आधारमा कसरी प्रस्ट पार्नुहुन्छ ?

११. "मानवजीवन विसङ्गत भए तापनि यसलाई सङ्गतियुक्त तुल्याउन सकिन्छ" भन्ने भनाइलाई आफूले पढेका कृतिका आधारमा कसरी प्रस्ट्याउनुहुन्छ ?

१२. "असन्तुष्टि नै मानसिक विकृतिको आधारशीला हो" भन्ने विचारसित तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ?